सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल
माननीय न्यायाधीश श्री गोपाल पारजुली
माननीय न्यायाधीश श्री दिपकराज जोशी

आदेश

२०७०-RV-००९८

नेपाल सरकार, मन्त्रिपरिषद्को तर्फबाट नेपाल सरकारको मुख्य सचिव लीलामणि पौड्याल------------------------------------------------------निवेदक

विरुद्ध

दलित जनजाति पार्टीका अध्यक्ष सिराहा जिल्ला रामनगर मिर्चैया गा.वि.स.वडा नं.५ बस्ने विश्वेन्द्र पासवान---------------------------------------------------विपक्षी

मुद्दा : प्रतिषेध परमादेश उत्प्रेषण समेत ।

यसमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६३ को उपधारा (३) को खण्ड (ग) अनुसार, मनोनयन हुने २६ जना संविधान सभाका सदस्यहरु, सो धारा अनुसार राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान पुऱ्याएका विशिष्ट व्यक्तिहरु र खण्ड (क) र (ख) बमोजिमको निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेका आदिवासी जनजातिमध्येबाट सहमतिका आधारमा मन्त्रिपरिषद्बाट मनोनयन हुनुपर्ने भन्ने कुरामा र सो अनुसारको मनोनयन यथाशीघ्र सहमतिको आधारमा हुनुपर्ने भन्नेमा विवाद भएन ।

यस अदालतको संयुक्त इजलासबाट रिट नं.०७०-WO-०४७६ को रिट निवेदनमा मिति २०७१।१।२९।२ मा भएको आदेशमा संविधानले सो सम्बन्धमा कुनै निश्चित म्याद नतोकेको अवस्थामा समेत १५ दिनभित्रै उक्त धारा बमोजिम मनोनयन गर्नु भनी परमादेश जारी भएको र सो अनुसार मनोनयन गर्दा धारा ६३ को उपधारा (३) को खण्ड (क) र (ख) अन्तर्गत निर्वाचनको प्रक्रियामा उम्मेदवार भई सामेल भइसकेको राजनैतिक दलसँग आबद्ध व्यक्ति बाहेकलाई तथा उपधारा (३) को खण्ड (क) र (ख) बमोजिम निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेको आदिवासी जनजाति मध्येबाट बाहेक अन्यलाई मनोनयन नगर्नु नगराउनु भनी

जारी भएको प्रतिषेधको आदेशको साथ-साथै मनोनीत हुने सदस्यहरुलाई अरु सदस्यहरु भन्दा स्वतन्त्र प्रकृतिको भनी फरक र विशिष्ट प्रकृतिको समेत उल्लेख गरी संविधान सभाको बैठकहरुमा आफ्नो विवेक अनुसार काम गर्न दिनुपर्ने भनी ध्यानाकर्षण समेत गराइएको देखिन्छ । संयुक्त इजलासको उक्त आदेश नेपालको अन्तरिम संविधान २०६३ को धारा ६३(३) को व्यवस्थानुसार नभएको देखिनुको साथै मन्त्रिपरिषद्को विशुद्ध कार्य क्षेत्रभित्र अदालतले हस्तक्षेप गर्न नहुने भनी श्याम सुन्दर गुप्ता विरुद्ध नेपाल सदभावना पाटी (आनन्दी देवी) को मुद्दामा यस अदालतको पूर्ण इजलासबाट (ने.का.प.२०६८ नि.नं.८६६६ अंक ८ पृष्ठ १३१४) स्थापित सिद्धान्त समेतको प्रतिकुल भएको देखिएकोले न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१) को खण्ड (ख) बमोजिम सो आदेशको पुनरावलोकनको अनुमति प्रदान गरी दिइएको छ । सक्कल मिसिल साथै राखी विपक्षीहरुलाई झिकाई नियमानुसार गर्नु ।

न्यायाधीश न्यायाधीश न्यायाधीश

इति सम्वत् २०७१ साल असार ५ गते रोज ५ शुभम्-----------------------------------